# कक्षा ६ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्कायअन्तर्गत

नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड.)

द्वितीय वर्ष, पाँचौ पत्र (नेपा. शि. ५९८) को

प्रयोजनका लागि प्रस्तुत

शोधपत्र


**शोधकर्ता**

**राधा पौडेल**

क्याम्पस रोल नं.: २८४/०६०

परीक्षा क्रमाङ्क: २८०५२०/

त्रि.वि दर्ता नं.: १२६९८-९५


२०६३

# शोधसार

शोधशीर्षक : कक्षा ६ पूरा गरेका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययन

शोधार्थीको नाम : राधा पौडेल

शैक्षिक वर्ष : २०६०/६१

शोधनिर्देशक : प्रा.डा. केदारप्रसाद शर्मा ।

क्याम्पस/विभाग : नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पृष्ठ सङ्ख्या : ५३ + ३१ = ८४

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो ।

यस अध्ययनको उद्देश्य कक्षा ६ पूरा गरेका विद्यार्थीहरुको पठित शब्दभण्डार क्षमताको पहिचान गर्नु र उक्त विद्यार्थीहरुलाई विद्यालयको स्वरुप (सरकारी र निजी), लैङ्गिक दृष्टि (छात्र र छात्रा), स्थानीयता (गाउँ र सहर), भाषिक पृष्ठभूमि (पहिलो भाषा र दोस्रो भाषा) का आधारमा शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ ।

शब्दभण्डार क्षमताको पहिचान गर्न काठमाडौँ जिल्लाभित्रका सरकारी र निजी गरी ८ विद्यालयका जम्मा १८० जना विद्यार्थीहरुलाई नमुनाको रूपमा छनौट गरियो । पहिचानात्मक शब्दभण्डार क्षमता पहिचान गर्न ५५ वटा प्रश्न र उत्पादनात्मक शब्दभण्डार क्षमता परीक्षण गर्न ४५ वटा प्रश्न गरी जम्मा १०० प्रश्न समावेश भएको प्रश्नपत्र निर्माण गरी परीक्षण गरियो । प्राप्ताङ्कको आधारमा मध्यमान, प्रतिशत र प्रमाप विचलन निकालियो भने तुलनात्मक अध्ययन गर्न Z परीक्षण गरियो ।

यस शोधपत्रमा निम्नलिखित ५ परिच्छेदहरू रहेका छन् ।

परिचय, पूर्वकार्यको समीक्षा, शब्दभण्डारको सैद्धान्तिक अवधारणा, व्याख्या तथा विश्लेषण र निष्कर्ष र सुझावहरू ।

परीक्षणको आधारमा निम्नलिखित निष्कर्षहरू निकालिएको छ :

समग्र शब्दभण्डार क्षमतालाई हेर्दा बहुसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा तल र अल्पसंङ्ख्यक विद्यार्थी मध्यमानभन्दा माथि रहनुले विद्यार्थीहरुको शब्दभण्डार सामर्थ्य कमजोर साबित भएको छ । ग्रामीण क्षेत्रका विद्यार्थीभन्दा सहरी क्षेत्रका विद्यार्थीहरूको शब्दभण्डार क्षमता अगाडि रहेको, निजी विद्यालयका भन्दा सरकारी विद्यालयका विद्यार्थीको

शब्दभण्डार क्षमता बढी सन्तोषजनक रहेको, छात्रको तुलनामा छात्रा विद्यार्थीको शब्दभण्डार क्षमता केही राम्रो रहेको, नेपाली मातृभाषा हुने विद्यार्थीको तुलनामा नेपाली विमातृभाषा हुने विद्यार्थीहरूरुको क्षमता कमजोर रहेको, उत्पादनात्मक भन्दा पहिचानात्मक शब्दभण्डार क्षमता बढी रहेको तथ्य प्रस्तुत भएको छ । Z परीक्षणद्वारा तुलना गरेर हेर्दा गाउँ र सहरका विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा सार्थक अन्तर देखिएको छ । त्यसैगरी सरकारी र निजी विद्यालयका विद्यार्थीहरूबीच  र नेपाली पहिलो भाषा हुने र नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरूबीच पनि शब्दभण्डार क्षमतामा सार्थक अन्तर रहेको छ । तर छात्र र छात्रा विद्यार्थीहरूबीच Z परीक्षणद्वारा तुलना गर्दा कुनै अन्तर देखिएको छैन ।  समग्रमा हेर्दा उत्पादनात्मक शब्दभण्डारमा  विद्यार्थीहरूको क्षमता सन्तोषप्रद देखिँदैन भने पहिचानात्मक शब्दभण्डार क्षमता तुलनात्मक रूपमा राम्रो रहेको देखिन्छ ।

उपर्युक्त निष्कर्षलाई दृष्टिगत गर्दा पाठ्यक्रम विकास केन्द्र, नेपाल सरकार, पाठ्यक्रम निर्माणक तथा पाठ्यपुस्तक लेखकहरू भाषिक सीप विकासमा जोड दिने खालका उपयुक्त शब्दभण्डार समावेश गराउनु पर्ने, विषयवस्तुको स्तरण सरल वा जटिलताको क्रममा मिलाएर राख्नु पर्ने, विद्यार्थीहरूको रुची, क्षमता, स्तर र आवश्यकतालाई  ध्यान दिनुपर्ने, भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार चयन गरी छुट्टाछुट्टै पाठ्यपुस्तक निर्माण गर्नुपर्ने कुरातर्फ सचेत हुनुपर्ने देखिन्छ ।

मानव समुदायमा सम्प्रेषणको कार्य गर्ने यादृच्छिक र परम्परित वाक्प्रतीकको व्यवस्थालाई भाषा भनिन्छ (शर्मा तथा लुइटेल, २०६०:२) ।

नेपाल बहुभाषिक मुलुक हो । यहाँ भोटबर्मेली परिवारका भारोपेली आर्य परिवारका, आग्नेय परिवारका र द्रविड परिवारका गरी जम्मा चार परिवारका भाषा बोलिन्छन् । यी मध्ये नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्ने मानिसहरू ५०.३% छन् भने बाँकी ४१.७% मानिसहरू नेपाली भाषा लाई सम्पर्क भाषाका रूपमा प्रयोग गर्दछन् । (प्रज्ञाः ७९/२०५०) यसरी नेपाली भाषा सम्पूर्ण नेपालीको सम्पर्क भाषा र माध्यम भाषाका रूपमा स्थापित भएकाले पनि नेपाली भाषाका विभिन्न पक्षका साथै यसको शब्दभण्डार र विद्यार्थीको शब्दभण्डार क्षमताको अध्ययन विशेष महत्त्वपूर्ण मानिन्छ ।

नेपालको भाषिक नीति नेपाल अधिराज्यको संविधान २०४७ (भाग १, धारा ६) ले निम्नानुसार परिभाषित गरेको छ –

१. देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ ।
२. नेपालको विभिन्न भागमा मातृभाषका रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन् ।

यसबाट नेपालका भाषाहरू जम्मा दुई काटिमा बर्गीकरण गरिएको स्पष्ट बुझिन्छ । १. राष्ट्रभाषा र २. राष्ट्रिय भाषा । संविधानले परिभाषित गरेअनुसार देवनागरी लिपिमा लेखिने भाषा नेपालको 'राष्ट्रभाषा' हो र त्यही भााषा नै सरकारी कामकाजको हो । यसका बिपरीत सरकारी कामकाजको भााषा नहुने तर नेपालका विभिन्न भागमा मातृ भाषाका रूपमा बोलिने सबै भाषाहरू नेपालका 'राष्ट्रिय भाषा' मानेको छ । यसबाट पनि नेपालमा नेपाली भाषाको महत्त्व पुष्टि हुन्छ ।

निजी विद्यालयका प्रतिविद्यालय २३, २३ जना विद्यार्थीका दरले नमुना विद्यार्थी छनौट गरिएको छ ।

प्रतिनिधि नमुनाले पूरा जनसङ्ख्या (विद्यार्थी) को प्रतिनिधित्व गरेको मान्नुपर्छ किनकि अध्ययनमा समयको सीमितता, भौगोलिक बिकटता, आर्थिक कठिनाई जस्ता कतिपय समस्याहरू आइपर्ने हुँदा सम्पूर्ण विद्यार्थीलाई समेटेर अध्ययन विश्लेषण गर्न सम्भव हुदैन र प्रस्तुत अध्ययनमा ४ सरकारी विद्यालय र ४ निजी विद्यालयका विद्यार्थीलाई विद्यालयको स्वरूप (सरकारी र निजी) लैङ्गिक दृष्टि (छात्र र छात्रा) स्थानीयता (गाउँ र

सहर) भाषिक पृष्ठभूमि (पहिलो भाषा र दोश्रो भाषा) आदि वर्गमा विभाजन गरियो र यसै आधारमा ४ सरकारी विद्यालयबाट ९० र ४ निजी विद्यालयबाट ९० गरी जम्मा १८० जना विद्यार्थीहरूलाई प्रस्तुत अध्ययनका लागि प्रतिनिधि नमुनाका रूपमा लिइएको छ ।